# २३. श्री सरुभक्त

*[संवत् २०४८ साल आश्विन १५ गते रोज ५ का दिन आयोजित समारोहमा 'पागलबस्ती' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०४८ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री सरुभक्तले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली त्रैमासिक' अङ्क १३२ बाट उद्धृत गरिएको हो।]*

अध्यक्ष महोदय, नेपाली वाङ्मयप्रेमी महिला तथा सज्जनवृन्द !

प्रथमतः म सम्माननीया रानी जगदम्बाकुमारी देवीप्रति श्रद्धासुमन चढाउँदै गुठीका अध्यक्ष एवं साधारण सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। नेपाली वाङ्मयमा पहिलोपल्ट मदन पुरस्कार प्रदान गरिएको वर्ष अर्थात् विक्रमाब्द २०१३ मा म जन्मेको थिएँ। आज आफ्नै उमेरको पुरस्कारसित मितेरी लाउन पाउँदा मेरा सुख-दुःखात्मक अनुभूतिका सीमारेखाहरू मेटिन पुगेका छन्। पुरस्कारहरूको गौरवगाथामा प्रतिष्ठामय महागाथा निर्माण गरिसकेको यो पुरस्कार पाउँदा मैले मात्र "पुरस्कार" पाएको छैन, एक महान् चुनौति पनि पाएको छु। म बिर्सनेछैन, साधनाको कष्टसाध्य पथमा "महान् चुनौतिहरू" कि घटित हुन्छन् कि दुर्घटित हुन्छन्।

नेपाली साहित्य - वाङ्मयमा मेरो समकालीन पुस्तालाई "युवा पुस्ता" वा "नवलेखकहरूको पुस्ता" भनिन्छ। हामी समयका त्यस्ता हस्ताक्षर हौँ जोसित इतिहास छैन, मात्र वर्तमान छ। अक्सर मेरो पुस्ताका हस्ताक्षरहरूलाई महाकवि देवकोटा र समको विराटता प्राप्त गर्ने सम्भावमा नभएकाहरूको भीड भनी उपेक्षात्मक टीकाटीप्पणी गरेको सुनिन्छ; कहिलेकाहीं पिँढीहरू बीचको सिँढी हराएका मन्द बुद्धिका ठेट्नाहरू पनि भनिन्छौं। वास्तवमा हामी पूर्ववर्तीहरूलाई साह्रै नै आदर गर्ने र उत्तरवर्तीहरूलाई साह्रै नै माया गर्न इच्छुक पिँढी हौं। वर्तमानमा हामीसित आफ्नै किसिमका समस्याहरू छन्, आफ्नै किसिमका कमजोरीहरू छन् त्यसैले आफ्नै किसिमका योग्यताहरू नहोलान् भन्न सकिँदैन। संभवतः मेरो पुस्ताले कमाइरहेको पुँजी "पीडानुभव" हो। हामीसित थरीथरीका पीडा छन्। हामीसित समकालीन पीडा छन्, सर्वकालीन पीडा छन्। हामीसित सफाइ नपाएका पीडा छन्, मूल्याङ्कन नपाएका पीडा छन्। संभवतः हामीसित चार जात र छत्तीस वर्णका तमाम पीडा छन्। मेरो

पिँढीलाई पीडाहरू सहने तर गुनासो नगर्ने सिर्जनाकर्मीहरूको पिँढी भन्न सकिन्छ; युद्धमोर्चामा जन्मी हुर्केको पिँढी भन्न सकिन्छ। मेरो पिँढीले थोरै समयमा धेरै महाभारत लडेको छ। मलाई अहमवोध हुन्छ - म यसको एक इकाई हुँ। मलाई "निमित्त" पारी यहाँहरूले नयाँ पुस्तालाई मान्यता प्रदान गर्नुभएको छ, समकालीन प्रयोगधर्मी नवलेखनलाई स्वीकृति प्रदान गर्नुभएको छ - यस्तो भाववोध म गर्छु।

सौभाग्यवश म गौतम बुद्धको देशमा जन्मेको छु, यसैले जीवनबारे चिन्तन गर्नु जन्मसिद्ध अधिकार मान्छु। विना सङ्घर्ष मानवाधिकारको प्रयोग संभव छैन। संभवतः हामी 'रेनेसा' आमन्त्रित गर्न चाहँदैनौ किनभने 'अन्धकार युगमा' छौं। हिजो-आज जिज्ञासाको तपश्चर्यामा लीन भृगुहरू, सद्ज्ञानको उत्प्रेरणामा तल्लीन वोधिराजकुमारहरू देखिँदैनन्। हिजोआज याज्ञवल्क्य गार्गीविच कुनै सम्वाद चल्दैन। हामीकहाँ प्रमिथसले आगो चोरी ल्याउने आँट गर्दैन। हामी स्वतन्त्र देशका नागरिकहरू बौद्धिक स्तरमा कतै परतन्त्र छौं, आत्मपराजित छौं - यस्तो कुरूक्षेत्रीय महान्धकारमा साहित्यकारहरू अन्धो धृतराष्ट्रलेझैं सञ्जयहरूका मुखबाट गीता सुनिरहँदैनन्, समाजको तेस्रो नेत्र साहित्य हो। यसर्थ मेरो दृष्टिमा कृष्णहरूले गीता रच्दैनन्, व्यास-साहित्यकारहरूले रच्छन्। उपनिषद्का दार्शनिकहरूले कविता रच्दैनन्, उपनिषद्का कविहरूले दर्शन रच्छन्। त्यो समय साहित्य नभई दर्शन हुन्थेन, साहित्य नभई विज्ञान हुन्थेन। आज पनि म सोच्छु, कवि साहित्यकारहरू प्राचीन समयमा कुँदिएर वर्तमान समयका किनारमा फालिएका शिलापत्र होइनन्। आज साहित्य सबभन्दा बढी प्रासङ्गिक भएको छ- देश तथा विश्वको बदलिँदो अनुहारमा म यो कुरा पढ्ने गर्छु। अब म पागल बस्तीमा फर्किन्छु जहाँ बसोबास गर्ने आदिवासीहरू पागल थिएनन्। पागल बस्तीलाई मैले आत्मकथा होइन, विचारकथा हो भनेको छु। यो प्रेमको विचार कथा हो, अहम्को विचार कथा हो र मानव-भविष्यको विचार कथा हो। मेरो लेखकीय जीवनमा यस विचारको आरम्भ दशकारम्भ सँगसँगै भएको थियो। प्रकाशनको क्रममा पागल बस्ती मेरो एघारौं पुस्तक हो तर तेस्रो पुस्तक बोक्सीको आह्वान र घोषणापत्र देखि नै जुन विक्रमाब्द २०४० मा प्रकाशित भएको थियो, मैले शून्यवाद सम्बन्धमा विचारहरू अभिव्यक्त गर्न थालेको थिएँ।

त्यसबेला शून्यवादलाई एक प्रयोगात्मक आन्दोलन भन्न मन पराएँ, अहिले मन पराउँदिनँ। वर्तमानमा शून्यवादलाई एक दर्शन र एक साहित्य सिद्धान्तको स्वरूप दिन म प्रयत्नशील छु। यही यात्राक्रममा म पागल बस्तीमा छु। यो शून्यवादको प्राथमिक चरणमा हो। म समाजबाट विचार गर्ने स्वतन्त्रता चाहन्छु र समाजलाई मेरो विचार नमान्ने स्वतन्त्रता दिन्छु।

कति साहित्य मनस्वीहरू जीवनको सापेक्षतामा साहित्य र दर्शनलाई समानान्तर रेखा मान्छन् अनि ती रेखाहरू कतै पनि जोडिँदैनन् भन्ने गणितीय निष्कर्षमा पुग्छन्। मलाई लाग्छ, साहित्यको गणित र गणितको साहित्यमा समानान्तर रेखा

हुँदैनन् । म दृष्टिलाई सृष्टि मान्छु, सृष्टिलाई एक दृष्टि मान्छु । यसर्थ निष्प्राण शरीररूप साहित्य र प्रयोगात्मक संभावनारहित कोरा शास्त्रीय दर्शन - दुवैलाई अतिवादी वर्गीकरण मान्छु । वस्तुतः साहित्य जीवनको स्पन्दन हो - र असल दर्शन जीवनको स्पन्दनमा बाँच्छ । विश्व इतिहासमा महान् महान् भनिने दर्शनहरू बौद्धिक तर्कका सुरक्षा शास्त्रहरूले सेरिएर मर्न अभिशप्त छन् किनभने तिनले जीवनको स्पन्दनलाई आत्मसात् गर्न सकेनन् । निराकारमा शून्यताका आकारहरू रचना गर्दा म चाहन्नँ दर्शनको भारले साहित्यको खुट्टा लड्खडाओस् वा साहित्य बोफ्ले दर्शनको हात कामोस् । साहित्य र दर्शन - सहकर्मी, सहधर्मी मित्र हुन् । म आफ्नो रचनाप्रकृयामा हस्तक्षेप - सिद्धान्त मान्दिँन ।

मलाई लाग्छ, म विज्ञानलाई पनि माया गर्छु - यसैले विज्ञान कथाहरू, विज्ञान नाटकहरू पनि लेख्ने गर्छु । म साहित्य, दर्शन र विज्ञानको अनेकतामा, नेपाली जातीय चरित्रअनुरूप एकता खोज्छु, एकता रोज्छु । सत्य हो, दर्शनको 'शून्य' विज्ञानको 'शून्य' होइन; सत्य हो, दर्शनको 'तत्त्व' विज्ञानको 'तत्व' होइन; सत्य हो, दर्शनको 'विज्ञान' विज्ञानको 'विज्ञान' होइन । कतै म अन्तरविरोधको ज्वालामुखीमा बसेको त छैन ? बारम्बार सोचेको छु र एउटै निष्कर्षमा पुगेको छु - यी अन्तरविरोधका ज्वालामुखी होइनन्, जीवनका महान् त्रिवेणी हुन् ।

साहित्यमा उत्प्रेरणाका कथा हुन्छन् जुन कति भन्न सकिन्छन्, कति भन्न सकिँदैनन् । हिजो जस्तो लाग्छ, मेरो बुबाले धार्मिक नृत्य गर्नुहुँदा म दङ्ग पर्थें, म ६, ७ वर्षको थिएँ । हिजो जस्तो लाग्छ, देवानन्द पण्डितले महाभारतको कथा हाल्दा म स्कूलबाट भाग्थें । हिजो जस्तो लाग्छ, नेपाली आदर्श विद्यालय, हाल गण्डकी बोर्डिङ्ग स्कूलमा राजकुमार सरले बाइबलको कथाहरू सुनाउँछु भन्दा सहपाठीहरूसित मिलेर 'सिरानीहरूको सिंहासन' निर्माण गर्थें । छैटौं कक्षामा शान्ति सरबाट 'मुनामदन' सुनेको, भक्त सरको अध्ययन - कुर्सीमा बसी 'मसान' नाटक पढेको, हुरी पानीले आफ्नो क्वार्टर धराशायी हुँदा निबन्ध लेखाएर मिस मेवीले स्याबासी दिनुभएको र भोजराज सरले स्वःरचित कविताहरू सुनाउनुभएको हिजो नै जस्तो लाग्छ । हिजो "ठूलो भएपछि के हुने ?" भनी सोधिँदा "डाक्टर" हुन्छु भन्थें, "इन्जिनियर हुन्छु" भन्थें, अनि कनिकुथी कविता कोर्थें । त्यसबेला कविता रच्न र कविता लुकाउन बराबर बुद्धि चाहिन्थ्यो । त्यो मेरो अभिप्रेरणायुक्त बाल्यावस्था थियो, युवावस्था यहाँहरूसामु छ । हिसाब लाउँदा शंकराचार्य, शेली, किट्स र मोतीराम भट्टभन्दा धेरै वर्ष बाँचिसकिएछ तर कति सार्थकतासहित ? - एउटा महाप्रश्न आफैँलाई सोध्छु । सधन्यवाद विश्राम लिन्छु ।

नेपाली वाङ्मय अमर रहोस् !

☒ ☒ ☒